# गोकुलगंगा गाउँपालिका, रामेछापको आगामी आ.व. २०८०/०८१को अध्यक्षबाट प्रस्तुत बार्षिक नीति तथा कार्यक्रमः

मितिः २०८० साल असार १० गते आईतवार

प्रस्तुतकर्ताः- काजी बहादुर खड्का(दिनेश)

गाउँपालिका अध्यक्ष

## गोकुलगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रस्नालु, रामेछाप

# गोकुलगंगा गाउँपालिका, रामेछापको आगामी आ.व. २०८०/०८१को अध्यक्षबाट प्रस्तुत बार्षिक नीति तथा कार्यक्रमः

- गोकुलगंगा गाउँपालिकाका उपाध्यक्षज्यू,
- विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु,
- गाउँसभाका सचिव तथा प्रमुख प्रशासकीय अधिकृतज्यू,
- वडा अध्यक्ष, कार्यपालिका सदस्य एवम् गाउँसभाका सम्पूर्ण सदस्यहरु,
- कार्यालयका विभिन्न शाखाका शाखा प्रमुख तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,
- गोकुलगंगा गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकज्यूहरु,
- विभिन्न कार्यालयका प्रमुखज्यूहरु एवम् गैर सरकारी संघ संस्थाका प्रतिनिधीज्यूहरु,
- सञ्चारकर्मी मित्रहरु एवम्
- हजुरको रेडियो रामेछाप तथा जिरी एफ एम दोलखाको प्रत्यक्ष प्रशारण एंवम विभिन्न सामाजिक संजालमा जोडिई अत्येन्त चासोका साथ यस गोकुलगंगा गाउँपालिकाको आगामि आ.ब.२०८०/०८१ को बार्षिक नीति, कार्यक्रम तथा बजेटलाई देश, विदेश र आ-आफ्नो घरबाट सुनिरहनु र हेरी रहनु भएका सम्पूर्ण आमा बुवा, दाजु भाई तथा दिदी बहिनीहरु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भए पश्चात गोकुलगंगा गाउँपालिकाको दोश्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित अध्यक्षको हैसियतले गोकुलगंगा गाउँपालिकाको १३ औं गाउँसभाको बैठकलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु । यस सुखद अवशरमा सर्व प्रथम म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनको लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ती, जनआन्दोलन र बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै मुलुकमा राजनीतिक परीवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नु हुने श्रद्धेय नेताहरु सहित सम्पूर्ण नेपाली जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

सम्वत २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको दोश्रो निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधीहरुले कार्यभार सम्हालेको एक वर्ष बितिसकेको छ । नागरिकका असिमित आवश्यक्ता र गाउँपालिकाको सिमित श्रोत साधनका कारण जनचाहना अनुरुप विकासले फड्को मार्न नसकेतापनि उपलब्ध श्रोत साधनको उच्चतम प्रयोग गर्दै स्थानीय भूगोल, हावापानी र माटो एवम् आम नागरिकका प्राथमिकता, चाहना र आवश्यकतालाई क्रमशः पुरा गर्दै जाने लक्षमा हामी दृढ संकल्प सहित अगाडी बढी रहेका छौं । विकास भन्ने कुरा जादुको छडी होइन, एक दुई वर्षमै कायापलट हुन सक्दैन । विकास भनेको यथास्थीतिबाट क्रमशः सकारात्मक दिशा तर्फ हुँदै जाने उपलब्धी, प्रगती, सुधार र सन्तुष्टीको एउटा प्रकृया हो ।यसले जीवनको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र प्राकृतिक श्रोतहरुमा सकारात्मक प्रभाव पार्दै मुलुक र नागरिकलाई समृद्धी तर्फ लैजान्छ । यसका लागि हामीले परम्पराबादी र नकारात्मक सोचलाई त्यागी मानव जीवनमा आर्थिक उन्नती, विज्ञान, प्रविधि, राजनीतिक व्यवस्थापन र सामाजिक परिवर्तन गर्न सकारात्मक सोचका साथ आफ्नो आधुनिक विचार शक्तिले

उपलब्ध श्रोत साधनको उच्चतम प्रयोग गर्दै अघि बढ्नुको विकल्प नभएको कारण हामी त्यही दिशामा अघी बढी रहेका छौं । हामिले काठमाण्डौं, ललितपूर जस्ता सक्षम नगरपालिकाको विकाससँग गोकुलगंगा गाउँपालिकाको विकासलाई दाँजेर हुँदैन । त्यहाँको प्राकृतिक श्रोत, सम्पदा,शहरी पूर्वाधार, आन्तरिक श्रोत, नागरिकको आम्दानी, चेतना शक्ती, जीवनस्तर, हावापानी, माटो, भूगोल र हाम्रो गाउँपालिकाको अबस्थामा तुलनाम्मक रुपमा आकास जमिनको फरक छ । त्यसैले हामीसँग उपलब्ध श्रोत साधन, हावापानी र माटो अनुसार हाम्रो परिवेशसँग मिल्दो जुल्दो अन्य पालिकाहरुमा भन्दा हाम्रो पालिकामा सुशासन र विकास निर्माण कार्यहरु उपलब्धिमुलक र सन्तोषजनक रुपमा नै अगाडी बढीरहेको कुरा विश्वास दिलाउदै काठमाण्डौ, ललितपूर जस्ता सक्षम नगरपालिकाको विकाससँग हाम्रो विकासलाई दाँजेर सोही अनुसारको उपलब्धी वा प्रतिफल यहाँ खोज्नु वा अपेक्षा राख्नु स्वभाविक भएतापनि हाम्रो आन्तरिक श्रोत साधनले त्यसलाई सम्वोधन गर्न सक्छ सक्दैन भन्ने तर्फ पनि आम गोकुलगंगा बासीहरुले सोचिदिनु हुने छ र मनन् गरि दिनु हुने छ भन्ने अपेक्षा सहित यस तर्फ आगामी दिनमा सकरात्मक सोच राखिदिनु हुने छ भन्ने विश्वास लिएको छु ।

**उपाध्यक्ष लगायत गाउँसभा सदस्यज्यूहरु,**

हामी निर्वाचित भएर आएपछी हामीले लिएका नीतिगत तथा अन्य सुधारात्मक उपायको परिणामस्वरुप सवै क्षेत्रमा सकारात्मक परिवर्तन देखिन थालेको छ । कार्यालयमा हुने राजश्व चुहावट नियन्त्रण, सेवा प्रवाहमा हुने ढिलासुस्तीको अन्त्य, अनावश्यक फजुल खर्चहरु नियन्त्रण, भ्रष्टाचारमा सून्य सहनशिलता, दक्ष जनशक्ती र सेवाग्राहीमैत्री कार्यालय व्यवस्थापन गरी संस्थागत तथा संगठनात्मक सुधार गर्दै सुशासन, आर्थिक नियन्त्रण र वित्तीय जोखिम न्यूनीकरणको प्रयास भएको छ । आम गोकुलगंगा गाउँबासीहरुको आर्थिक उन्नती र सुख, सुविधालाई केन्द्रविन्दुमा राखी सेवा प्रवाह र विकास निर्माण कार्यहरु संचालन गरिएको छ । स्वच्छ खानेपानीको पहुँच बृद्धी गर्न एक घर-एक धारा कार्यक्रम संचालन, बाह्रै महिना यातायात सुविधा संचालन हुने गरी सडक सञ्चालको मर्मत र स्तरोन्नती, प्राकृतिक तथा अप्राकृतिक विपद् व्यवस्थापन, सबै स्वास्थ्य संस्थाहरु मार्फत सरल र सहज रुपमा स्वास्थ्योपचारको व्यवस्था, सुत्केरीहरुलाई निशुल्क एम्बुलेन्स सेवाको व्यवस्थाको साथै विपन्न नागरिकको निशुल्क स्वास्थ्य उपचारको लागि आवश्यक पहल र उचित आर्थिक सहायता प्रदान, गुणस्तरिय शिक्षा र शैक्षिक सुधारका लागि विद्यालयहरुको पूर्वाधार विकास, संस्थागत सुधार, निरन्तर अनुगमन, मूल्यांकन र नियमन, महिला सशक्तिकरण,क्षमता विकास तालिम संचालन र प्रविधिमा सहयोग, विभिन्न व्यवसाय संचालन र कृषि, पशुविकास तर्फ दिईने अनुदानमा नियन्त्रण र व्यवस्थापन, जट्टापोखरी, पाँचपोखरी, ताँबेडाँडा जस्ता पर्यटकीय पूर्वाधार एवम् घुश्मेश्वर सिवालय मन्दिर, वेताली शिव कृष्ण मन्दिर, धारापानी शिव मन्दिर , रस्नालुको भिमसेनस्थान मन्दिर, बोहोरीगंगा, शेरकाली, माहाकाली मन्दिर तथा अन्य मठमन्दिर र गुम्बाको संरक्षण र प्रवर्द्धनका साथै गाउँपालिका क्षेत्रमा भरपर्दो नियमित यातायात संचालनको सुविधा नभएको अवस्थामा उपभोक्ताको समस्यालाई ध्यानमा राखी उपभोक्ता समिति मार्फत संचालन हुने आयोजना र कार्यक्रमको सम्झौताको लागि प्राविधिक टोलि सहितको घुम्ती सेवा मार्फत योजना संचालन सम्बन्धमा प्रशिक्षण सहित सम्बन्धित वडा कार्यालयहरुमा नै योजना सम्झौताको व्यवस्था मिलाई संचालित आयोजना र कार्यक्रमहरुको निरन्तर अनुगमन र सहजीकरण गरी गुणस्तर र परिमाण, प्राविधिक स्पेशिफिकेशन बमोजिम कायम गर्ने प्रयास भएको छ । यसबाट विधिको शासनको अनुभूती सहित स्थानीय सरकार प्रति नागरिकहरुको भरोसा र जागरुकता उत्साहजनक ढंगले बढेको छ । आवश्यकता

र निराशालाई क्रमशः आशा र आत्मविश्वासले जित्दै गएको छ । यस्ता कार्यहरुबाट संघीय लोकतान्त्रिक गणतन्त्रका आधारस्तम्भहरु संस्थागत भएका छन् । मानव अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने दिशामा महत्वपूर्ण प्रगती हासिल हुनका साथै आर्थिक सामाजिक रुपान्तरणमा तिब्रता आई विकास निर्माणले गति लिन थालेको छ ।तसर्थ म आम गोकुलगंगाबासी आदरणीय आमाबुबा, दाजुभाई तथा दिदी बहिनीहरुलाई गाउँपालिकाले केही कामै गरेन भनि निराश नहुन अनुरोध गर्दै हाम्रो कार्यकाल भित्र सुशासन र संस्थागत सुधारका साथै यहाँहरुले देख्ने र अनुभूती गर्ने गरी दैनिक सेवा प्रवाह एवम् नतिजामुलक र दिगो विकास निर्माण कार्यहरु गर्ने प्रतिवद्धता सहित हामीलाई विश्वास गर्न र सकारात्मक सुधारका लागि समय समयमा आफ्ना अमूल्य सुझाव र प्रतिक्रिया दिनु हुन विनम्र अनुरोध गर्दछु ।

**उपाध्यक्ष लगायत सबै गाउँसभा सदस्यज्यूहरु,**

हाम्रो गाउँपालिका भौगोलिक हिसावले विकट र संघीय राजधानी एवम् जिल्ला सदरमुकामबाट टाढा भए पनि प्राकृतिक रुपमा सुन्दर र आर्थिक समृद्धी र विकासको दृष्टीले धेरै सम्भावना भएको गाउँपालिका हो । जलविद्युत उत्पादनका दृष्टीले उर्वर खिम्ती खोला तथा अन्य खोलाहरु भएको, आलु, किवि, ओखर अकबरे खुर्सानी, सेतो सिमी, प्याज,लसुन,बेसार,सुन्तला, खुर्पाने  लगायतका फलफुल तथा नगदेबालीको उर्वर भूमी भएको, गाई, भैंसी, बंगुर, बाख्रा तथा कुखुरा पालनको प्रचुर संभावना रहेको, स्लेट ढुंङ्गा, जडीबुटी तथा फलाम खानी प्रसस्त रहेको, प्रसिद्ध जट्टापोखरी, पाँचपोखरी, ताँबेडाँडा, शिवालय, कोश्याङखर्क, भिमसेनस्थान जस्ता धार्मिक तथा पर्यटकिय स्थलहरु भएको, हरियालीयुक्त बनजंगल एवम् स्वच्छ र सफा खानेपानीका मुहानहरु प्रसस्तै रहेको यस गाउँपालिकाको भविश्य र आर्थिक समृद्धिको श्रोतहरु यिनै क्षेत्रहरु भएकोले यसको विकास, व्यवस्थापन र उपयोगको प्रवन्धबाट नै गाउँ समृद्ध हुने निश्चित छ । तसर्थ यसको संरक्षण, विकास र उपयोगको दिर्घकालीन योजनाहरु बनाई हामी अघी बढ्नु पर्ने हुन्छ । हामीले यहाँको श्रोत साधनको संरक्षण, विकास र उपयोगका साथै प्राकृतिक सुन्दरतालाई थप उजागर बनाई जिल्ला, केन्द्र तथा विश्वमा चिनाउनका लागि गर्नु पर्ने कामहरु धेरै छन् । हामीले जनताका चाहना र आवश्यकतालाई पूरा गर्न उपलब्ध श्रोत साधनको उच्चतम र विवेकपूर्ण प्रयोग गर्दै सक्षम र समृद्ध गाउँपालिका निर्माण गर्न आ-आफ्नो स्थानबाट कानूनले दिएको जिम्मेवारी कुशलतापूर्वक पुरा गर्नु पर्ने हुन्छ । हामी निर्वाचित भएको पनि एक वर्ष वितिसकेकोले यस अविधमा हामिले आ-आफ्नो काम, कर्तब्य, अधिकार, जिम्मेवारी, कार्यान्वयन विधी र कानूनी एवम् नीतिगत आधारहरु र प्रकृयाका बारेमा बुझी सकेका छौं ।तसर्थ अब हामीलाई जनताका सुख सुविधाका लागि सेवा प्रवाह र विकास निर्माण कार्यमा जानकारी छैन भन्ने वा अनविज्ञताको छुट छैन । यही जिम्मेवारी बोध गरी नियम कानूनको अधिनमा रही हामीले हाम्रा कार्यहरुलाई अगाडी बढाउनुको विकल्प छैन ।अतः जनताको सुख सुविधा र गोकुलगंगा गाउँपालिकाको विकास र समृद्धिका लागि कुनै कसर बाँकी नराखी आफु सदैव लागि परेको र यस महान कार्यमा साथ र सहयोग गर्न सरोकारवाला सबैलाई हार्दिक अनुरोध गर्दै गोकुलगंगा बासीको हित र भविष्य माथि खेलबाड गर्ने कोही कसैलाई छुट नदिने प्रतिबद्धता व्यक्त गर्दछु।

**उपाध्यक्ष लगायत सबै गाउँसभा सदस्यज्यूहरु,**

अब म हामी निर्वाचित भई आएपछी चालु आ.व. २०७९/०८० को हालसम्म भएका मुख्य मुख्य उपलब्धीहरु प्रस्तुत गर्दछु ।

यस वर्ष गोकुलगंगा गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको कार्यालयको लिफ्ट सहितको सुविधा सम्पन्न प्रशासकीय भवन र धौले, चाके, कोस्याङ्गखर्क,जट्टापोखरी, पाँचपोखरी पर्यटकीय सडकलाई संघिय सरकारसंग साझेदारीमा गर्ने गरी बहुबर्षिय योजनाको रुपमा स्विकृत गराई यस बर्ष प्राप्त रकमबाट गर्नु पर्ने कार्य सम्पन्न भएको छ ।खिम्ती,फर्पु, नामाडी, बेताली,रस्नालु, ठोसे, सिवालय, गर्ज्याङ्ग मुल सडक समय समयमा मर्मत संभार गरी संचालनमा ल्याइएको र उक्त सडकलाई अबदेखी बागमती प्रदेश सरकार समेतबाट स्तरोन्नती र मर्मत संभार गर्न आवश्यक पहल गरिएको छ । बुर्के,टगम देउराली सडक, भिमसेनस्थान ललिवाकु, लुते पहारा-फर्पु वडा भवन सडक, भितरी सिस्नेरी, लिसेखानी हुदै उमाकुण्ड जाने सडक र भिमसेनस्थान, क्षेत्रीगाउँ, ओख्रे, धारापानी सडक स्तरोन्नती गरी बाहै महिना सवारी साधान संचालन हुन सक्ने व्यबस्था मिलाइएको छ । पहिरोले क्षेती पुराउन लागेको श्री मा.वि. फर्पुको पहिरो नियन्त्रण तथा कम्पाउन्डवाल निमार्ण, भिम आधारभुत विद्यालय भिमसेनस्थान, रस्नालुको घेराबार,फनिर्चर तथा खेल मैदान व्यबस्थापन तथा ज्यामकिरी आधारभुत विधालय भवन र कम्पाउडवाल निमार्ण जस्ता शैक्षिक पूर्वाधारहरुको निमार्ण कार्य सम्पन्न भएका छन । खानेपानीमा पहुच वृद्धिका लागी **"एक घर-एकधारा"** कार्यक्रम अन्तरगत करिव ५३३ घरमा खानेपानीको धारा यो बर्ष निमार्ण सम्पन्न गरी नागरीकको स्वच्छ खानेपानी र स्वच्छ बातावरणमा बाच्न पाउने हकको जनस्तरमा अनुभुत गराउने प्रयास भएको छ । बर्षात तथा बाडीपहिरोको कारण क्षती भएका सडक तथा बस्तिहरु संरक्षणको लागी तार जाली खरिद गरी प्रधानमन्त्री रोजगार कार्यक्रम समेतबाट ग्याविन भरी संरक्षण गर्ने कार्य सम्पन्न भएको छ । गाउँपालिका भित्र सडक संजालको एकिन तथ्याङ्ग र अबस्था बारे कुनै डाटा नभएको अबस्थामा सडकको बर्गिकरण र प्रथामिकीकरण सहित ग्रामीण यातायात गुरु योजना (RTMT) निमार्ण कार्य सम्पन्न भएको छ ।संघिय सरकारले समेत जग्गाको कित्ता काट रोक्का गरी भुउपयोग योजना र जग्गा बर्गीकरण गर्न नसकेको अबस्थामा हाम्रो गाउँपालिकाको भू-उपयोग तथा जग्गा बर्गीकरण योजना सम्पन्न गरी अन्तिम प्रतिवेदन प्राप्त भई सकेकोले यस बाट आगामी आ.ब.२०८०/०८१ देखि जग्गाको कित्ताकाट फुकुवा भई आम नागरीकको यस सम्बन्धी समस्याको समाधान हुने व्यबस्थापन मिलाएको छ ।तामेडाँडा , भिमिसेनथान मन्दीर, बोहरी गंगा तथा बन्चरेको सात धारा जस्ता पर्यटकिय तथा धार्मिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी योजना कार्यान्वयनको लागी आवश्क पहल भएको छ । वडा बस्तीस्तरबाट छनोट भई स्विकृत भएका वडास्तरीय सबै आयोजना र कार्यक्रम सम्पन्न भएका छन् ।

कृषि विकास तर्फ स्थानीय हावापानी, भुगोल र माटो अनुसार कुन ठाउँमा कस्तो कृषि उपजको सम्भाबना छ भन्ने पहिचानको लागि कार्यालयमा कृषि विज्ञको व्यबस्था समेत गरी विभिन्न ठाउको माटो परिक्षण गरी प्रतिवेदन प्राप्त भएको छ । सम्भब भएसम्म किसानहरुलाई तरकारीको विउ विजन तथा फलफूलका बेर्ना वितरण, किटनासक औषधी वितरण र व्यवासायीक रुपमा कृषि खेति प्रवर्द्धनका लागी अनुदान उपलब्ध गराएको छ । पशु पन्छी तथा मत्स्य विकास तर्फ समेत विभिन्न रोग नियन्त्रण सम्बन्धी औषधी तथा भ्याक्सिन वितरण, जै घास लागाएतका घाँसको विउ वितरण, पशु उपचारको व्यबस्थाका साथै व्यबासायिक पशुपालनका लागी उपलब्ध वजेट अनुसार केहि अनुदान वितरण र कार्यन्वयान गरिएको छ । गरिवी निवारणका लागी लगुउधम विकास कार्यक्रम अन्तरगत वेमौसमि तरकारी खेती, सिलाई कटाई तालिम एंवम व्युटी पार्लर सम्बन्धी गरी ९८ जना महिला तथा कृषकलाई तालिम र प्रविधि हस्तान्तरण गरिएको छ । सुचना प्रविधि अन्तरगत नेपाल दुरसंचार प्राधिकरणसंगको

समन्वयमा यस गाउँपालिका अन्तरगतका सबै वडा कार्यलय, सामुदायिक विधालय र स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान र विस्तार कार्य अन्तिम चरणमा पुगेको छ । विगत बर्षहरुमा विभिन्न उद्योग व्यबासाय संचालन, कृषि र पशु पालनका लागि वितरण भएको अनुदानको अबस्था बुझ्न स्थलगत अनुगमन र अध्ययन गरी त्यसबाट प्राप्त प्रतिवेदनको आधारमा आगामि दिनमा नियमन र अनुदान वितरणको तयारी गरिएको छ ।शैक्षिक क्षेत्रको गुणस्तर सुधार र नियमनका लागी सरोकार वालाहरुसँग विभिन्न चरणमा छलफल, अन्तरकृया र तालिम संचालन भएको छ ।शैक्षीक सत्र २०८० बाट सबै विद्यायहरुमा कक्षा-१ भन्दा अघी KG कक्षा थप गरी कक्षा १ सम्म अंग्रेजीमा पढाई संचालन गरी अंग्रेजी माध्यमका पुस्तक निशुल्क उपलब्ध गराईएको छ । बाल विकास कोटा नभएका ७ वटा विधालयमा बाल विकास कोटा वितरण, विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान दिवा खाजा कार्यक्रम, बार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी लागु गर्ने जस्ता शैक्षिक सुधारका कार्यहरु गरिएको छ । सबै स्वास्थ्य संस्थाहरु मार्फत सरल र सहज रुपमा नागरीकको स्वस्थ्य उपचारको व्यबस्था एवम् औषधी खरिद र वितरण एवम् अति विपन्न एवंम जेष्ठ नागरीकहरुको निशुल्क स्वस्थ्य उपचारको सिफारिश तथा उचित आर्थिक सहयोग प्रदान गर्ने तथा सुत्केरीहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईएको छ ।राजस्व चुहावटलाई नियन्त्रण गरी आन्तरिक श्रोत बृद्धि गर्न आबस्यक पहल भएको छ ।व्यक्तिगत घटना दर्ता अनलाईन सेवा मार्फत गर्ने तथा सामाजिक सुरक्षा भत्ता बैक मार्फत वितरणको साथै बृद्ध बृद्धा र अशक्त-आपाङ्गलाई घर घरमै भत्ता वितरणको व्यबस्था मिलाएको छ ।राष्ट्रिय भूमी आयोग, जिल्ला कार्यसमिती मन्थलीको सहजिकरण र यस पालिकाको पहलमा भूमिहीन दलित, भुमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा व्यबस्थापनका लागि यस गाउँपालिका भित्रका १८ जना भूमिहीन दलित १२ जना भूमिहीन सुकुम्बासी र ७७४ जना अव्यवस्थित बसोबासीहरुको लगत संकलन गरी भूमि आयोगको सफ्टवेयरमा लगत प्रविष्टीको कार्य सम्पन्न भई प्रस्तावित जग्गाहरु नापी कार्यालय समेतको समन्वयमा अमिनबाट चेक जाँच गर्ने कार्य वडा नं. ६ फर्पुबाट सुरुभई सकेकोले यथासिघ्र तेस्ता नागरिकहरुको जग्गा व्यबस्थापनको लागी हामी लागी परेका छौं ।

उपरोक्त कार्यहरुमा यो वर्ष भौतिक प्रगति तर्फ ४० कि.मि. सडक स्तरोन्नती, २८ कि.मि. सडक नयाँ कटिङ, १३ कि.मि. सडक सोलिङ्ग, २ वटा भवन निर्माण र संरक्षण, ५३३ वटा खानेपानी धारा जडान, ३१ वटा सिंचाई कुलो व्यबस्थापन, १९ वटा मठ मन्दिर तथा गुम्वा मर्मत, निमार्ण र संरक्षण र १५ वटा आर.सि.सि. पुल तथा कल्भर्ट निर्माण भएको छ भने हाल सम्म समग्रमा ९५ प्रतिशत भौतिक र ७० प्रतिशत वित्तिय प्रगति भएको छ। यसरी हेर्दा पूंजीगत खर्च रकम कम देखिएता पनि स्वीकृत आयोजना र कार्यक्रमहरु करिव ९५ प्रतिशत कार्य सम्पन्न भई भुक्तानीको लागि पेश भइसकेको हुँदा यस आर्थिक वर्षको अन्त्य सम्ममा ९५ प्रतिशत भन्दा बढी भौतिक तथा वित्तिय प्रगती हुने देखिन्छ ।

**उपाध्यक्ष लगायत सबै गाउँसभा सदस्यज्यूहरु,**

अब म आजको महत्वपूर्ण र सबैको चासोको बिषय रहेको गोकुलगंगा गाउँपालिकाको समग्र विकास र समृद्धिका लागि आगामी आ.ब.२०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।आगामी बर्ष सार्बजनिक खर्चमा मितव्यियता, पूँजिगत खर्चमा बृद्धि, गुणस्तरिय पूर्वाधार निर्माण, शासकीय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारी बृद्धि, पर्यावरणीय सन्तुलन,

गरीवी निवारण, समावेशी विकास, सामाजिक विभेदको अन्त्य, स्थानीय धर्म, संस्कृति र भाषाको संरक्षण र प्रवर्द्धन जस्ता विषयहरु गोकुलगंगा गाउँपालिकाको प्रमुख नीतिगत प्राथमिकता हुनेछन् ।यो नीति तथा कार्यक्रम बनाउदा हामीले व्यक्तिगत फाईदा,राजनितिक आस्था र क्षेणिक स्वार्थ भन्दा माथी उठेर भावि पुस्ताहरुलाई समेत विचार गरी नतिजा मुलक र दिगो विकास आयोजनाहरुलाई प्रथामिकतामा राख्दै स्थानीय आबाश्कता र प्रथामिकताका आधारमा टोल बस्तीस्तरबाट माग भई वडा कार्यलयबाट सिफारिश भई आएका आयोजना र कार्यक्रमहरुलाई अक्षरशः कार्यान्वयन गरी वडाबाट नसमेटिएका साना तिना आयोजना र गुनासाहरु लाई समेत सम्बोधन गर्न विषयगत शाखा सहित पालिकास्तरका आयोजना र कार्यक्रमहरु संचालन गर्ने व्यबस्था मिलाई स्थानीय बासीहरुको तत्कालिन समस्या समधान गर्ने नीति लिएका छौं।यसै आधारमा स्थानीय भूगोल, हावा पानी,माटो,गरीवी, जनसंख्या र स्थानिय आवश्यकता र प्राथमिकतालाई समेट्ने गरी उपलब्ध श्रोत साधन परिचालन गर्न **"शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन र जलविद्युत पूर्वाधार- गोकुलगंगा गाउँपालिका समृद्धिको मुल आधार"** भन्ने दुर दृष्टि सहित तयार भएको गोकुलगंगा गाउँपालिकाको आगामी आ.ब.२०८०/०८१ को विषय क्षेत्रगत रुपमा लिईने नीति तथा कार्यक्रमहरु देहाय बमोजिम हुने छन् ।

**<u>शुसासन तथा सस्थागत विकास तर्फ :</u>**

- ❖ सार्वजनिक खरिद प्रकृया थप पारदर्शी र व्यवस्थित गर्दै विद्युतीय खरिद प्रणालीलाई क्रमशः अनिवार्य बनाउदै लगिने छ ।
- ❖ भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा व्यवस्थापनको लागि राष्ट्रिय भूमी आयोग, जिल्ला कार्य समिति रामेछापसँग समन्वय गर्दै उचित व्यवस्था मिलाईने छ ।
- ❖ गरीब, विपन्न घर परिवारको पहिचान, लगत संकलन र स्तरिकरण गरी गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाह र अनुदानमा प्राथमिकता दिइने छ। साथै सबै घर परिवारको सबै व्यहोरा खुल्ने गरी लगत संकलन, विवरण अद्यावधिक र तथ्याङ्क व्यवस्थित गरी डिजिटल प्रोफायल तयार गरिने छ ।
- ❖ उपभोक्ता हितको संरक्षण गर्दै जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय मन्थली, उद्योग बाणिज्य संघ र स्थानीय प्रहरीसँगको समन्वय र सहकार्यमा बजार अनुगमनलाई थप प्रभावकारी बनाई मूल्य र गुणस्तरमा उपभोक्ता नठगिने वातावरण सुनिश्चित गरिने छ ।
- ❖ गाउँपालिका, वडाकार्यालयहरु, स्वास्थ्य संस्था तथा शिक्षण संस्थाहरुलाई समेत सूचना प्रविधि मैत्री बनाई सुशासनमैत्री कार्य संचालनको व्यवस्थाका साथै संचार तथा सूचना प्रविधिको प्रयोगमा आम नागरिकको पहुँच अभिबृद्धि गरिने छ ।
- ❖ अनलाइन सेवाको उपलब्धता वडा तहमा समेत हुने व्यवस्था क्रमश मिलाई व्यवस्थित गर्दै लगिनेछ।
- ❖ गाउँपालिकाको कार्यालयमा एक विश्रामस्थल/प्रतिक्षालय सहितको **"गोकुलगंगा सूचना केन्द्र"** स्थापना गरी गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण कार्यहरु सम्बन्धी सूचना, अभिलेख, निर्मित ऐन, नियम कार्यविधीहरुका साथै विभिन्न ज्ञान विज्ञान सम्बन्धी पुस्तक र पत्र पत्रिकाहरुको व्यवस्था गरी

गाउँपालिकाको सूचना प्राप्त गर्न र सेवा लिन आउने सेवाग्राही लगायतका व्यक्तिहरुलाई कार्यालयमा काम हुदै गर्दाका बखत क्षणिक विश्राम, ज्ञान आर्जन र सूचनाको व्यवस्था मिलाईने छ ।

- ❖ सबै वडा कार्यालयहरुमा सेवा प्रवाहमा सहजताका लागि सहायक कम्प्यूटर अपरेटरको व्यवस्था गरी विद्युतीय माध्यमबाट राजश्व संकलन, अनलाइन व्यक्तिगत घटना दर्ता एवम् वडाका तथ्याङ्कहरुलाई अद्यावधिक गर्दै लगिने छ ।
- ❖ गाउँपालिका तथा वडा कार्यालयहरुमा समेत गुनासो सम्बोधनका लागि गुनासो सुन्ने अधिकारी तोकी मोबाईल गभर्नेन्सको व्यवस्थाका साथै "हेलो स्थानीय सरकार" संचालनको व्यवस्था मिलाईने छ ।
- ❖ न्यायिक समितिको काम कारबाहीलाई छिटो, छरितो र कम खर्चिलो बनाउन आवश्यक कानूनी एवम् संरचनात्मक सुधार गरिने छ ।
- ❖ भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलताको नीतिलाई कडाइका साथ कार्यान्वय गर्दै सबै खाले अनियमितता, भ्रष्टाचार, करछली, कृत्रिम अभाव, कालो वजारी, व्यवसायिक एकाधिकार लगायतका सुशासन विरोधी कृयाकलापमा जनताको गुनासोलाई तत्काल र प्रभावकारी रुपमा सुनुवाई गरी उचित दण्ड सजाय र कानूनी उपचार गरने छ।
- ❖ गोकुलगंगा गाउँपालिका भित्र संचालन भएका विभिन्न उद्योग व्यवसायहरुको गाउपालिकास्तरीय बजार अनुगमन समिति मार्फत समय समयमा अनुगमन गरी उपभोक्ताको हित संरक्षण, बजारमा हुने सबै खाले अनियमितता र कालो बजारी नियन्त्रण र नियमनका साथै प्रत्यक पसलहरुमा अनिबार्य रुपमा मूल्य सुची राखी सोही बमोजिम विक्रिवितरण गर्ने व्यबस्था मिलाईने छ ।
- ❖ होटल पसल आगाडी वा अन्य सार्वजनिक स्थानमा जथाभावी रुपमा पालाष्टीका झोला र मदिराजन्य पेय पदार्थका सिसाका खाली वोतलहरु राख्ने व्यक्ति र व्यवासयीहरुलाई नियन्त्रणमा लिई निजहरुबाट नै उक्त सामाग्रीहरु उठाई उचित स्थानमा व्यबस्थापन गर्न लगाई अटेर गर्नेलाई कानून बमोजिम कारवाही गरी बजार सफाईको पहल गरिने छ ।
- ❖ गाई भैसी पालनलाई प्रोत्साहान र दुधजन्य पदार्थको खपत र बजारीकरण गर्न " **कोल्ड ड्रिङ्कस् भगाउँ, दही मोही खाँउँ** " अभियान संचालन गरी यस गाउँपालिका भित्र चिसो पेय पदार्थको आयत क्रमश : निरुत्साहित गरिने छ ।

## <u>सामाजिक विकास तर्फ :</u>

- ❖ गाउँपालिका अन्तरगतका प्रत्यक सामुदायिक विद्यालयका शिक्षक,कार्मचारी,विध्यर्थी र अभिभाबकहरुले समेत हेर्न र आन्तरीक व्यबस्थापन गर्न मिलने तथा त्यसलाई गाउँपालिकासंग समेत जोडने गरी एकिकृत अनलाईन सफ्टवेयर प्रणाली जडान गरी सबै विद्यालयको शैक्षिक, प्रशासनिक र व्यबस्थापकीय डाटा सम्बन्धित पालिकाबाट तत्काल हेर्न र वास्तविक प्रगती विवरण थाहापाउन सकिने व्यबस्था सहित बार्षिक बजेट, तलब तथा लेखाको व्यबस्थापन, परिक्षा प्रणाली तथा पठन पाठनलाई समेत व्यबस्थापन गरिने छ ।

- ❖ सर्व सुलभ र गुणस्तरिय शिक्षाको अवधारणा बमोजिम शिक्षा क्षेत्रलाई अगाडी बढाउन विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यलयमा **" ल्याउने, सिकाउने र टिकाउने "** कार्यलाई अभियानका रुपमा संचालन गरिने छ ।
- ❖ आधारभुत तहमा गुणस्तरीय शिक्षामा पहुँच बृद्धि गर्न दलित, अल्पसंख्यक, लोपोन्मुख, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष कार्यक्रम संचालन गर्दै दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै लगिने छ ।
- ❖ विषय र विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी पुनरावलोकन गरी न्यूनतम शिक्षकको व्यवस्थाका लागि आवश्यक पहल गरिने छ ।
- ❖ बढदो शैक्षिक बेरोजगारीलाई न्यूनीकरण गर्न तथा **" हाम्रो स्कुल- बनाऔं राम्रो स्कुल "** अभियान अन्तर्गत विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी न्यून रहेका सामुदायिक विद्यालयहरुमा स्वंयम सेवक शिक्षकको रुपमा विषयगत दक्ष शिक्षकको व्यवस्था मिलाई विद्यालय संचालन र पठन पाठनको प्रबन्ध मिलाईने छ ।
- ❖ सामुदायिक विद्यालयहरुमा हुने सबै खाले वेथिती र लाहपरवाहीको अन्त्य गर्दै नतिजामुलक र गुणस्तरिय शिक्षा प्रदान गर्न गाउँपालिकामा एकजना शिक्षा विद/श्रोत व्यक्तिको व्यवस्था गरी विद्यालय अनुगमनको मापदण्ड र सूचकहरु बनाई निरन्तर रुपमा सामुदायिक विद्यालयहरुको सघन अनुगमन, निर्देशन र नियमन गर्ने एवम् शैक्षिक नतिजाका आधारमा विद्यालयहरुलाई अनुदान दिने व्यवस्था मिलाईने छ ।
- ❖ यस वर्ष कम्तीमा एउटा विद्यालयलाई स्मार्ट विद्यालय बनाई प्रविधिको माध्यमबाट पठन पाठन हुने व्यवस्था मिलाईने छ ।
- ❖ खेलकुदलाई राष्ट्रको पहिचान, गौरब र प्रतिष्ठा बनाउने माध्यमको रुपमा विकास गर्दै खेलकुद तथा मनोरञ्जनको लागि आवश्यक कार्यक्रम संचालनका साथै हाललाई पालिकास्तरमा र भविष्यमा सामुदायिक विद्यालयहरुमा खेल शिक्षकको व्यवस्था मिलाउन आवश्यक पहल गरिने छ ।
- ❖ स्वास्थ्य संस्था मार्फत सबै वडामा आधारभुत स्वास्थ्य परीक्षण तथा उपचार सहितको स्वास्थ्य सेवा उपलब्ध गराई गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्दै अशक्त, असहाय र जेष्ठ नागरिकलाई घरदैलो मै आधारभुत स्वास्थ्य सेवा प्रदान गरिने छ ।स्वास्थ्य संस्थाको सेवा प्रवाहका आधारमा मूल्यांकन र नियमन गरिने छ ।
- ❖ गोकुलगंगा अस्पताललाई अझ व्यवस्थित गरी प्राविधिक जनशक्ती, प्रयोगशालामा आवश्यक पर्ने उपकरण तथा सामाग्री, अक्सिजन सुविधा सहितको एम्बुलेन्स संचालनको व्यवस्था मिलाई सबै आधारभुत स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाईने छ ।
- ❖ संक्रामक रोग विरुद्ध अभियान र नसर्ने रोगको उपचारका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

- ❖ विगतमा भएको सम्झौता अनुसार नेपाल रेडक्रस सोसाईटी रामेछाप र भक्तपुर शाखासँगको सहकार्यमा गोकुलगंगा गाउँपालिका क्षेत्र भित्रका आम नागरिकहरुलाई विरामी हुँदा आपतकालिन अवस्थामा निशुल्क रगत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईने छ।
- ❖ सरकारी, निजी क्षेत्र तथा गैर सरकारी संघ संस्थाहरुको साझेदारीमा अपाङ्गता भएका व्यक्ती, असहाय तथा एकल महिला, बालबालिका एवम् जेष्ठ नागरिकलाई लक्षित गरी जीवन उपयोगी सीप तथा क्षमता विकास तालिम एवम् विश्रामस्थल, पार्क तथा उद्यान निर्माणको उचित व्यवस्था मिलाईने छ ।
- ❖ लैङ्गिक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । नीति निर्माण तहदेखी आयोजना र कार्यक्रम छनौट तथा कार्यान्वयनसम्म महिलाहरुको अर्थपूर्ण सहभागिता र प्रतिनिधीत्वलाई सुनिश्चित गर्दै नेतृत्व विकासमा जोड दिई शिक्षा, स्वास्थ्य, रोजगारी, गरिबी निवारण, जीविकोपार्जन सुधार, सामाजिक सुरक्षा, पूर्वधारमा पहूँच लगायतका विषयमा महिला लक्षित कार्यक्रम संचालन गरिने छ ।
- ❖ गरिब तथा विपन्न, दलित, आदिवासी जनजाती, एकल तथा अपाङ्गता भएका महिला, हिंसापिडित तथा वंचितिमा परेका सवै समुदायका महिला तथा किसोरीहरुको आय आर्जन क्षमता विकास र सशक्तिकरण गर्ने गरी आर्थिक तथा सामाजिक विकासका कार्यक्रमहरु संचालन गरिने छ ।
- ❖ सबै खाले वाल श्रम शोषणको अन्त्ये गरी अनाथ असहाय, टुहुरा, अपाङ्गता भएका र अशक्त, वेवारिसे, हिंसापिडित, आमाबाबु विहिन तथा सडक बालबालिकाको उद्धार, संरक्षण, पुनस्थापनाका कार्यक्रमहरु संचालनका साथै बालमैत्री पूर्वाधार निर्माण गर्दै लगिने छ ।
- ❖ जेष्ठ नागरिकहरुको जीवन सुरक्षित, सम्मानित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सीप र अनुभवलाई सेवा प्रवाह र विकास निर्माण प्रकृयामा मार्गदर्शनको रुपमा लिदै जेष्ठ नागरिक सम्मान, घरदैलोमै स्वास्थ्य सेवा, विश्रामस्थाल तथा मिलन केन्द्र स्थापना र संचालनको व्यवस्था मिलाउदै लगिने छ ।
- ❖ गोर्खा वेलफेयर ट्रष्ट, संघ तथा प्रदेश सरकार मातहतका खानेपानी डिभीजन समेतको सहयोगमा एक-घर एक-धारा कार्यक्रमलाई निरन्तरता दिई खानेपानीको सुविधाबाट बन्चित घर परिवारलाई क्रमशः खानेपानीको पहुँच बृद्धी गर्दै लगिने छ ।

**<u>आर्थिक विकास तर्फ :</u>**

- ❖ स्थानीय सरकार र नीजी क्षेत्रको बलियो साझेदारीबाट उत्पादन र उत्पादकत्व अभिबृद्धी र रोजगारी श्रृजना हुने हुँदा सार्वजनिक निजी साझेदारी नीतिलाई प्रोत्साहन गरिने छ ।
- ❖ गाउँपालिकाको राजश्व संकलन र आर्थिक प्रशासनलाई थप पारदर्शी, नतिजामुखी र सूचना प्रविधिमा आधारित बनाइने छ ।

- सहकारी संघ संस्थाहरुको लगत अद्यावधिक गरी संस्थागत सुधारका लागि प्रबन्धक, व्यवस्थापक र लेखा हेर्ने कर्मचारी लक्षित क्षमता विकास तालिम संचालन गरी सहकारी व्यवस्थापन र प्रबर्द्धन गरिने छ ।
- सहकारी नीतिमा परिमार्जन गर्दै सहकारी संघ संस्थाको सघन अनुगमन र नियमन, संस्थागत सुशासन, बचत तथा लगानीको सदुपयोग र सुरक्षाका साथै वचत तथा ऋण सहकारीहरुलाई उत्पादन तथा श्रम क्षेत्रमा केन्द्रित हुने व्यवस्था मिलाईने छ ।
- बैदेशिक रोजगारीबाट फर्केका स्थानीय यूवाहरुको ज्ञान, सीप, पूंजी, प्रविधि, संजाल र पहुँचलाई गाउँपालिकाको विकास र समृद्धिसँग जोड्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- आर्थिक, सास्कृतिक तथा सामाजिक रुपान्तरणका लागि यूवाशक्तिलाई उद्यमशीलतामा रुपान्तरण गरी सीप विकास तथा आय आर्जनका कार्यक्रमहरु संचालन गरिने छ ।
- **"यूवासँग स्थानीय सरकार — हुने छैनन् बेरोजगार "** अभियान अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम र नीजि क्षेत्रसँग सहकार्य गर्दै उत्पादनसँग प्रत्यक्ष जोडिने खालका रोजगार, उद्यमशीलता र सीप विकास तालिम संचालनका साथै नीजि एवम् खाली पर्ती जग्गामा कृषि खेती प्रोत्साहन कार्यक्रम संचालन गरी रोजगारीको व्यवस्था मिलाउदै लगिने छ ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गरी क्रमशः आत्मनिर्भरता हासिल गरिने छ । यसका लागि कृषक, निजी क्षेत्र र गाउँपालिका बीचको सहकार्य र समन्वयमा सामुहिक तथा करार खेतीलाई प्रोत्साहन गर्दै उत्पादित बस्तुको बजारीकरण गरिने छ।
- व्यवसायिक कृषि, पशुपालन र स्थानीय कच्चा पदार्थमा आधारित उद्योगलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत **"उत्पादन साथमा-अनुदान हातमा"** भन्ने नारा सहित कृषि, पशुपालन र उद्योग व्यवसायमा दिईने अनुदान वितरण कार्यको कानून बमोजिम नियमन, नियन्त्रण र व्यवस्थापन गरिने छ ।
- गुणस्तरिय विउ विजनमा गाउँपालिकालाई क्रमशः आत्मनिर्भर बनाउदै रैथाने बाली, बिउ विजन, नश्ल, र कृषि तथा पशुपंछिजन्य जैविक विविधता संरक्षणमा स्थानीय कृषक र समुदायलाई प्रोत्साहन गरिने छ।
- जैविक तथा प्राङ्गारिक मलको उत्पादन र उपयोगलाई प्रोत्साहित गरिने छ । स्थानिय सहकारी सस्थाहरुमार्फत किसानहरुलाई सरल र सहज रुपमा रसायनिक मल समयमै उपलब्ध गराउन आवश्यक पहल गरिने छ ।
- आलु, किवी लगायतका स्थानीय तरकारी र फलफुलको सुरक्षित भण्डारणको लागि सित भण्डार (चिस्यान केन्द्र) निर्माण गरी बेसिजनमा समेत विक्री वितरणको प्रवन्ध मिलाईने छ ।
- **"हाम्रो उत्पादन- हाम्रो स्वाभिमान"** अभियान अन्तर्गत एक टोल — एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका-एक उत्पादन क्षेत्र नीति मार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गरिने छ ।

- ❖ बाँदर लगायतका वन्य जन्तुले किसानले लगाएको बाली नाली नष्ट पारेको आम नागरिकको गुनासोलाई मध्यनजर गर्दै बाँदर लगायतको बन्यजन्तु आतंकलाई नियन्त्रण र व्यवस्थापन गर्न सम्बन्धित निकायहरु सँग आवश्यक पहल गरी न्यूनीकरणका कार्यक्रमहरु संचालन गरिने छ ।
- ❖ उपयोगमा नआएका तथा बाँझो जमिनमा स्थानीय भूगोल, हावापानी र माटो सहाउदो कृषि खेती प्रवर्द्धन गर्न यूवालक्षित सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहित गरिने छ । कृषि उत्पादन बृद्धि गर्न भूमीको चक्लाबन्दीलाई प्रोत्साहित गरिने छ ।
- ❖ अर्गानिक कृषिउत्पादनलाई प्रोत्साहन गर्न कृषिबस्तुको प्रमाणिकरण, ब्राण्डिङ्ग र प्याकेजिङ गरी बजारीकरण गर्न आवश्यक पहल गरिने छ। आलु, किवी, चिया, अलैची, अदुवा, बेसार, दन्तेओखर जस्ता कृषि बस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गरी निर्यात गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।
- ❖ "**किसानहरुको खेतवारी - सँधै हरियाली**" कार्यक्रमलाई सफल बनाउन सिंचाई सुविधा नपुगेका जग्गाहरुमा सिंचाई सुविधाका लागि उपयुक्त सिंचाई प्रविधि सहित आयोजना पहिचान गरी क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।
- ❖ जडिबुटीको व्यवसायिक उत्पादनका लागि वन विनास नहुने गरी बन क्षेत्रका बाँझो जमिन तथा नदी उकास्न जग्गा लिजमा उपलब्ध गराउन आवश्यक पहल गर्दै जडिबुटी खेतीको अनुसन्धान व्यवसायिक उत्पादन, विस्तार, प्रशोधन र बजारीकरणलाई प्रोत्साहन गरिने छ ।
- ❖ सार्वजनिक नीजी साझेदारी नीति अनुसार ग्रामिण उत्पादनहरुको सजिलै बजारीकरण गर्न मुख्य मुख्य सडकसँग जोडिएका शहर, बजार उन्मुख बस्तीहरुलाई व्यवस्थित र पूर्वाधारयुक्त बनाउदै वडाका आवश्यक स्थान र पालिकाको केन्द्र आसपास उपयुक्त स्थानमा हाटबाजारको व्यवस्था गरी स्थानीय उत्पादनहरुको संकलन, भण्डारण र विक्री वितरणको प्रवन्ध मिलाईने छ ।

## <u>पूर्वधार विकास तर्फ :</u>

- ❖ विकास आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्ने व्यवस्था मिलाई गाउँपालिकाको गौरवका र रुपान्तरणकारी आयोजनाको कार्यान्वयनमा विशेष जोड दिईनेछ ।
- ❖ रामेछाप जिल्ला सदरमुकामबाट उत्तरी भेग उमाकुण्ड गा.पा.र सोलुखुम्बु तथा ओखलढुङ्गा जोडने खिम्ती-फर्पु-नामाडी-बेताली-रस्नालु-ठोसे-गर्जाङ्ग मुख्य सडक, फर्पु वडा कार्यालय-नामाडी सडक, खहरे-काँडे-पासाबार सडक, बन्चरे-बेताली-लिसेखानी सडक, भिमसेनस्थान-क्षेत्री गाउँ-धारापानी सडक, भुजीडाँडा-कालो चौतारा सडक, ठोसे-टगम-सिंगटी सडकबाट आवत जावत गर्ने आम नागरिकहरुको सहज यात्राको लागी बर्षादमा भोग्दै आएको सास्तीलाई मध्यनजर गर्दै उक्त सडकहरुको उचित मर्मत सम्भार गरी बाह्रै महिना सवारी साधन संचालनको व्यबस्था मिलाईने छ ।
- ❖ उपभोक्ता समिति र अन्य दर्तावाला संघ सस्था मार्फत संचालन हुने आयोजना र कार्यक्रमहरुमा कम्तिमा १० प्रतिशत श्रम सहभागिता अनिबार्य गर्दै श्रम सहभागिता मार्फत "**आफ्नो गाउँ टोल,बनाऔं अनमोल**" भन्ने अभियान सफल पार्न हरेक बर्षको जेष्ठ १ गते देखी १५ गते सम्म बर्षमा १५ दिन

गोकुलगंगा गाउँपालिका भित्र बसोबास गर्ने सम्पूर्ण नागारिकहरुले अनिबार्यरुपमा श्रम दान गरी आ-आफ्नो टोल बस्ती र सडक सफाईका साथै बर्षातका कारण हुन सक्ने सम्भावित क्षेतीलाई न्युनिकरण गर्न अभियान संचालन गरिने छ ।

- ❖ मध्यकालिन खर्च संरचना र परियोजना बैंकलाई संस्थागत गर्दै विकास आयोजना र कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकनलाई नतिजामुलक बनाईने छ ।
- ❖ यस गाउँपालिका क्षेत्र भित्रका पाँचपोखरी जट्टापोखरी, ताँबेडाँडा, भिमसेनस्थान, बोहोरी गंगा, सिवालय घुस्मेश्वर महादेव लगायतका ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक स्थलहरुलाई सुन्दर र आकर्षक बनाउन संघ, प्रदेश सरकार र निजी क्षेत्रसँगको सहकार्यमा **" हाम्रो सम्पदा-राम्रो सम्पदा "** कार्यक्रम संचालनमा ल्याईने छ ।
- ❖ जिल्ला सदरमुकाम र राष्ट्रिय राजमार्गसँग गाउँपालिकाको केन्द्र रस्नालु, भिमसेनस्थान जोड्ने मुख्यसडक खिम्ती-फर्पू-नामाडी-वेताली-रस्नालु-ठोसे-शिवालय गर्जाङ्ग सडकलाई बागमती प्रदेश सरकार समेतबाट क्रमशः कालो पत्रे, स्तरोन्नती र मर्मत संभार गरी बाह्रै महिना सडक संचालनको व्यवस्था मिलाईनेछ ।
- ❖ यस गाउँपालिकाको माहाँभिर खोलामा घट्टेखोला माहाँभिर जोड्ने, चाकेखोलामा खरानेटार धौले जोड्ने, बोहोरी गँगा खोलामा सानो भित्तरी सिस्नेरी जोड्ने, कम्बास खोलामा कोप्चे कम्बास जोड्ने, साना झोलुङ्गे पुलहरु तथा खिम्ती खोलामा खहरे बेसीबाट दोलखाको गोगनटार जोड्ने तथा खिम्ती-२ रस्नालुबाट दोलखाको हावा जोड्ने लामो दुरिको झोलुङ्गे पुल निर्माणका लागि आवश्यक पहल गरिने छ ।
- ❖ वडा नं. ६ फर्पू कुँडुले र बाँसघारी छाँगोबीच खिम्ती खोलामा पक्की पुल, नामाडी बेताली जोड्ने हलुवा खोलामा पक्की पुल तथा नामाडी फर्पू जोड्ने फर्पूखोलामा पक्की पुल निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- ❖ खिम्ती-फर्पू-नामाडी-वेताली-रस्नालु-ठोसे हुँदै उमाकुण्ड गाउँपालिका, सोलुखुम्बु र ओखलढुङ्गा जोड्ने मुख्य सडकको खिम्ती-फर्पू-नामाडी-वेताली खण्डमा वर्षायाममा पहिरोले सडक अबरुद्ध भई पटक पटक यात्रुहरुले भोग्नु परेको समस्यालाई मध्यनजर गर्दै सो खण्डको बैकल्पिक मार्गको रुपमा वेताली-बन्चरे-नामाडी-फर्पू फेदी- खिम्ती सडक कटिङ र स्तरोन्नती कार्य यसै वर्ष सम्पन्न गरिने छ।
- ❖ गोकुलगंगा गाउँ समृद्धिको लागि मुख्य आम्दानीको श्रोतः जल विद्युतको उत्पादनको प्रचुर संभावना रहेको यस क्षेत्रमा ठोसे सिवालय जलासय लगायत खिम्ती खोला तथा अन्य सम्भावित खोलाहरुबाट जलविद्युत उत्पादनको लागि सम्भाव्यता अध्ययन र कार्यान्वयन गर्न तथा लगानीकर्ता भित्र्याउन संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।

## वन वातावरण तथा विपद व्यबस्थापन तर्फ :

- ❖ बातावरण प्रतिकुल नहुने गरी नदीजन्य ढुङ्गा, गिट्टी, बालुवा संकलन र विक्री वितरणको आवश्यक प्रवन्ध मिलाई स्लेट ढुङ्गा लगायतका खनिज बस्तु तथा यस क्षेत्रमा पर्याप्त मात्रामा पाइने जडीबुटीहरुको उत्पादन, संकलन र निर्यातको लागि आवश्यक पहल गरिने छ ।
- ❖ तीनै तहका सरकारको समन्वयमा स्थानीय समुदायको सहभागितामा बनको संरक्षण, व्यवस्थापन र सम्वर्द्धन गर्दै निजी क्षेत्रको सहकार्यमा दिगो बन व्यवस्थापन मार्फत काठ र गैरकाठ बन पैदावरको उत्पादन, विकास, विस्तार र आपूर्ती अभिबृद्धी गरी वन पैदावरमा आधारित उद्योग संचालन गर्न प्रोत्साहन गरिने छ ।
- ❖ विपद् जोखिम न्यूनीकरणका लागि विपद् पूर्व तयारी, जोखिम पहिचान र आंकलन, जोखिम पूर्व चेतावनी, विपद् प्रतिकार्य तयारी जस्ता क्रियाकलापहरु सरोकारवाला अन्य निकायहरुसँग समेत समन्वयात्मक ढंगबाट संचालनको व्यवस्था मिलाई विपद् पश्चातको तत्कालीन उद्धार, व्यवस्थापन, राहत, क्षतीपूर्ती र पुनः निर्माणका लागि आवश्यक व्यवस्था र पहल गरिने छ ।
- ❖ वर्षाद र बाढीको कारण टोलबस्तीहरु र सडक संजालमा हुने संभावित क्षतीलाई व्यवस्थापन गर्न ग्याविन तारजाली खरिद तथा खानेपानी पाइप खरिद गरी विपद् व्यवस्थापन गरिने छ ।
- ❖ शहरी सौन्दर्यता र फोहोरमैला व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाईने छ ।

**उपाध्यक्ष लगाएत सम्पूर्ण गाउँसभा सदस्यज्यूहरुः**

अन्तमा यिनै मुख्य नीति तथा कार्यक्रमहरु आगामी वर्ष कार्यन्वयन गर्ने गरी यस पछि यस गाउँपालिकाका उपाध्यक्ष श्री उषादेवी कार्कीज्यूले गोकुगंगा गाउँपालिकाको आगामी आ.व.२०८०/०८१ को बार्षिक कार्यक्रम तथा बजेट यस गरिमामय १३ औं गाउँ सभामा पेश गर्नु हुने हुँदा यस नीति तथा कार्यक्रमलाई तदारुकताको साथ कार्यान्वयन गर्न आवश्यक समन्वय,सहयोग र सहजिकरण गरि दिनुहुन सबै जनप्रतिनिधि, कर्मचारी, राजनितिक दल, गैर सरकारी संघ सस्था, बुद्धिजिवी, शिक्षाविद, सामाजसेवी, नागरीक सामाज, संचारकर्मी, सुरक्षाकर्मी, लगायत सम्पूर्ण सरोकारवाला निकाय र गोकुलगंगाबासी सम्पूर्ण आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरु सबैमा हार्दिक अनुरोध गर्दै यो नीति तथा कार्यक्रम निमार्णमा आफ्ना अमुल्य सुझाव प्रदान गर्नु हुने सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दै यस नीति तथा कार्यक्रम निमार्णमा सहयोग पुऱ्याउनु हुने उपाध्यक्ष लगायतका सम्पूर्ण जनप्रतिनिधी ज्यूहरु एवम् प्रमुख प्रशासकीय अधिकृत लगाएतका यस गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा समेत सरोकारवाला सबैबाट निरन्तर सहयोग प्राप्त भई रहने विश्वास व्यक्त गर्दछु । धन्यवाद ।

**जय नेपाल, जय गोकुलगंगा**

काजी बहादुर खड्का(दिनेश)
अध्यक्ष
गोकुलगंगा गाउँपालिका, रामेछाप ।